बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल


प.सं. : २०८३/०८४
सू.नं. : 10

ने.सं: ११४६

**प्रयोगशाला सामाग्री प्रति इकाई दर विधिबाट खरिद गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति:२०८३/०५/२९

बाह्रदशी गाउँपालिका वडा नं २ मा रहेको आधारभूत अस्पतालको लागि आ.व. २०८३/०८४ मा आवश्यक पर्ने तपशिल बमोजिमको प्रयोगशाला सामाग्री प्रति इकाई दर विविधाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनी, फर्म तथा आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

क. शर्तहरु

१. योग्यता पुगेका इच्छुक दरभाउपत्रदाताहरूले तपसिलको खरिद कार्यका लागि मिति २०८३/०६/०५ गते कार्यालय समयभित्र बाह्रदशी गाउँपालिकाको कार्यालयबाट शिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्न सक्नेछन्। उक्त दरभाउपत्र (हार्ड कपी) मिति २०८३/०६/०६ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा पेश गरिसक्नुपर्नेछ।

तपशिल

| SN | Contract Id No | Description of project | Bid security Amount | Bid Security Validity period up to |
|---|---|---|---|---|
| 1 | SQ/BAHRADASHI/GOODS/01/083-84 | Procurement of supply and delivery of Laboratory Goods - Unit Rate | 1,00,000 /- One Lakh Only | 75 days from deadline |

२. आ.व. २०८२/०८३ को लागि सम्बन्धित निकायमा (वाणिज्य विभाग/घरेलु/कम्पनी रजिस्ट्रारको कार्यालय) व्यवसाय दर्ता तथा नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाण पत्र र आ.व २०८१/०८२ को करचुक्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।

३. शिलबन्दी दरभाउपत्रहरु मिति २०८३।०६।०६ गतेको दिन १:०० बजे शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४. शिलबन्दी दरभाउपत्रको जमानत बापतको रकम बाह्रदशी गाउँपालिकाको नाममा माछापुच्छ्रे बैंक राजगढ शाखामा रहेको धरौटी खाता नं. BARADASI GAPA DHARAUTI KHA GA 3 [0830087050000062] मा जम्मा गरेको भौचरको कपी वा कम्तीमा ७५ दिन म्याद भएको (शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको शिलबन्दी दरभाउपत्र जमानतको कपी संलग्न गर्नुपर्नेछ।

५. तोकिएको Specification (विशिष्टिकरण) अन्तर्गत तोकिएका ल्याब सामग्री, रिएजेन्ट, टेस्ट किट तथा उपकरण मात्र आपूर्ति गर्नुपर्नेछ। साथै दरभाउपत्रदाताले कवोल गरेको कुनै सामान काबु बाहिरको परिस्थिति उत्पन्न भई आपूर्ति

राजेन्द्र धमलिया
प्रमुख प्रशासकीय अधिकृत

गर्न नसकेमा कार्यालयलाई अग्रीम जानकारी पत्र दिई सामाग्री आपूर्तिको समय माग गर्नुपर्नेछ र म्याद थप गर्ने नगर्ने कार्यालयको निर्णय नै अन्तिम निर्णय हुनेछ।

६. शिलबन्दी दरभाउपत्र भर्दा प्रत्येक **Item** को महलमा एउटा मात्र कम्पनीको नाम, ब्रान्डको नाम, MRP र मु.अ.कर बाहेकको प्रति इकाई मूल्य (Offered Price) अंक र अक्षरमा अनिवार्य उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। ल्याब सामग्री तथा रिएजेन्टको मूल्य अधिकतम विक्री मूल्य (MRP) भन्दा बढी कवोल गर्न पाइनेछैन। प्रत्येक आइटमको महलमा १ भन्दा बढी कम्पनीको नाम उल्लेख गरेमा उक्त Item रद्द गरिने छ। मु.अ.कर लाग्ने Item को हकमा कैफियत महलमा उल्लेख गर्नुपर्नेछ।

७. शिलबन्दी दरभाउपत्रमा सहभागी हुने शिलबन्दी दरभाउपत्रदाताहरुले ल्याब सामग्री, मेसिन तथा रिएजेन्टको अनिवार्य रुपमा **ISO or CE or WHO/GMP** (लागू हुनेको हकमा) वा सम्बन्धित गुणस्तरप्राप्त प्रमाणपत्र पेश गर्नुपर्नेछ।

८. शिलबन्दी दरभाउपत्रका साथ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित स्वघोषणा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

९. शिलबन्दी दरभाउपत्र मूल्याङ्कन गर्दा प्रत्येक शिलबन्दी दरभाउपत्रदाताले प्रत्येक Item को Item Wise कवोल गरेको कबोल अंक सार्वजनिक खरिद (दोश्रो संशोधन) ऐन २०८३, र खरिद नियमावली २०६४ (संशोधन सहित) को व्यवस्थानुरूप सारभूत प्रभावग्राही शिलबन्दी दरभाउपत्रदाताको Item को दररेट स्वीकृत गरिनेछ। कुनैपनि Item को दररेट दुई वा दुईभन्दा बढी शिलबन्दी दरभाउपत्रदाताले बराबर कवोल गरेमा समान दर कवोल भएका Item का सम्बन्धित शिलबन्दी दरभाउपत्रदातासँग छुट प्रस्ताव माग गरि अधिकतम छुट कवोल गर्ने शिलबन्दी दरभाउपत्रदाताको दररेट स्वीकृत गरिनेछ।

१०. कुनैपनि शिलबन्दी दरभाउपत्र वा सो भित्रका कुनै Item स्वीकृत गर्ने वा नगर्ने, आंशिक Item मात्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. शिलबन्दी दरभाउपत्रदाताले उत्पादन कम्पनीको कोड गर्दा माग भए अनुसारको **Specification/Pack Size/Volume/Grade** मिल्नेगरी कोड गर्नुपर्नेछ। अन्यथा सोहि गुणस्तर अनुसारको Specification मिल्ने सामान खरिद गरिनेछ, यसबाट पर्न जाने क्षतिको जिम्मेवार सम्बन्धित शिलबन्दी दरभाउपत्रदाता फर्म/कम्पनी स्वयं हुनेछ।

१२. शिलबन्दी दरभाउपत्रमा उल्लेखित ल्याब सामग्री तथा रिएजेन्टहरु कार्यालयले आफ्नो आवश्यकता अनुसारको परिमाणमा सम्बन्धित आपूर्तिकर्ताको स्वीकृत दररेटमा एकै पटक वा पटक पटक गरी खरिद आदेश दिनेछ।

१३. शिलबन्दी दरभाउपत्रको स्वीकृत आइटमहरु सम्झौता भई खरिद आदेश पाएको मितिले २४ घण्टा वा बढीमा ३ दिनभित्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ। अन्यथा खरिद आदेश बमोजिमका सामग्रीहरु कार्यालयले अन्य आपूर्तिकर्तासँग सोझै खरिद गर्न सक्नेछ। त्यसरी खरिद गर्दा शिलबन्दी दरभाउपत्रमा उल्लेखित मूल्यभन्दा बढी मूल्य पर्न गएमा शिलबन्दी दरभाउपत्रदाताको धरौटी रकमवाट वा भुक्तानी गर्न बाँकी रकमवाट असुल उपर गरिनेछ।

१४. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा शिलबन्दी दरभाउपत्र खोलिनेछ।

१५. ल्याब रिएजेन्ट, केमिकल तथा टेस्ट किटहरु आपूर्ति गर्दा Expiry Date जम्मा अवधिको कम्तीमा ७५ प्रतिशत अवधि बाँकी भएको हुनुपर्नेछ।

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

१६. शिलबन्दी दरभाउपत्रदातासँगको सम्झौता अवधि समाप्त भए पनि आपूर्ति गरिएको ल्याब रिएजेन्ट/केमिकल/टेस्ट किट Expiry हुन ३ महिना बाँकी हुँदा फिर्ता लिई सोही परिमाण बराबरको सामग्री आपूर्ति गर्नुपर्नेछ। Expiry हुन ३ महिना बाँकी हुँदा उक्त सामग्रीहरु फिर्ता नगरेमा सोको कारण Expired भएको सामग्री वापतको रकम बिल भुक्तानी गर्दा वा धरौटीबाट कट्टा गरिनेछ।

१७. आपूर्ति गरिएको मालसामानको गुणस्तरमा कार्यालयलाई कुनै शंका लागेमा शिलबन्दी दरभाउपत्र दाताले आफ्नै खर्चमा गुणस्तर परीक्षण गर्नुपर्नेछ। गुणस्तर परीक्षण गर्दा कार्यालयले निर्देश गरे बमोजिम बजारमा उपलब्ध सोही कम्पनीको सोही उत्पादनको नमूनाको गुणस्तरसँग तुलनात्मक अध्ययन गरी गुणस्तरयुक्त भएको प्रमाणित गर्नुपर्नेछ। आपूर्तिकर्ता फर्म/कम्पनीबाट आपूर्ति भएका सामग्रीहरु प्राविधिक निरीक्षण वा गुणस्तर परीक्षण गर्दा सम्झौतामा उल्लिखित स्पेसिफिकेशन तथा गुणस्तर बमोजिमका नभएमा सामग्री फिर्ता गरी सम्झौता रद्द गरी कानून बमोजिम कारबाही गरिनेछ।

१८. आपूर्ति गरिने ल्याब सामग्री तथा रिएजेन्टको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No./Lot No., MRP उल्लेख भएको हुनुपर्नेछ। प्राविधिक समितिले सुचिमा उल्लेख भएका सामानहरुको गुणस्तर, मूल्य र ब्रान्डको छुट्टाछुट्टै मूल्याङ्कन गर्नेछ।

१९. स्वीकृत शिलबन्दी दरभाउपत्र बमोजिमको दररेट वि.सं. २०८४ असार मसान्त पछि ९० दिनसम्म कायम रहनेछ। उक्त थप अवधिमा कार्यालयले सोहि ल्याब सामग्री/रिएजेन्ट माग गरेको खण्डमा शिलबन्दी दरभाउपत्रको कवोल दररेटमा उपलब्ध गराउनु पर्नेछ।

२०. दररेट पेश गर्दा कार्यालयको आधिकारिक सहिछाप भएको प्रमाणित फारममा मात्र विवरण भरी प्रत्येक पानामा सम्बन्धित फर्म/कम्पनीको छाप र आधिकारिक दस्तखत सहित पेश गर्नुपर्नेछ।

२१. शर्तहरुको रीत नपुगेको तथा म्याद नाघिएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन। एउटा फर्म वा कम्पनीको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र अर्को फर्म वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

२२. यस सूचनामा उल्लेखै हुन छुट भएका अन्य विषयहरुको हकमा सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

२३. इच्छुक शिलबन्दी दरभाउपत्र दाताहरुले यस कार्यालयबाट वा सम्पर्क व्यक्तिको मो.नं. ९८११७५२७८६ बाट थप जानकारी प्राप्त गर्न सकिनेछ।

*पुनश्च: शिलबन्दी दरभाउपत्र खरिदकर्ताले सम्बन्धित फर्मको आधिकारिक लेटरहेडमा प्रतिनिधिको नाम स्पष्ट उल्लेख गरिएको आधिकारिक पत्र पेस गरेपछि मात्र शिलबन्दी दरभाउपत्र फारम उपलब्ध गराइने व्यहोरा जानकारी गराइन्छ।*

०८३/०४/२८

.............................
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत